# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (६) चितवन, असोज ०६, २०७९ साल अंक ३

## भाग ३

**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७९ को कार्यविधि नं. ३**

### नगर खेलकुद विकास समिति गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना :** कार्यपालिका पारित मिति : - २०७९/०५/३०

खैरहनी नगरपालिकामा सञ्चालन हुदै आएको खेलकुदका कार्यक्रम, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको ब्यबसायिक सुरक्षा, वडास्तरीय, नगरस्तरीय, प्रदेश, रास्ट्रिय, अन्तर्रास्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्दै, स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकतावान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने उद्धेश्य सहित स्थानीय सरकार संचालन ऐन, २०७४ को

दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी खैरहनी नगरपालिका नगर कार्यपालिकाले नगर खेलकुद विकास समिति गठन र संचालन सम्बन्धी कार्यविधि,२०७९ स्वीकृत गरी जारी गरिएकोछ ।

## परिच्छेद -१

१. **संक्षिप्त नाम र प्रारम्भ :** यो कार्यविधिको नाम "नगर खेलकुद विकास समिति गठन र संचालन सम्बन्धी कार्यविधि,२०७९" रहेकोछ र यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

**क.** "नगरपालिका" भन्नाले खैरहनी नगरपालिकालाई जनाउँदछ ।

**ख.** "कार्यविधि" भन्नाले खैरहनी नगरपालिका, नगर खेलकुद विकास समिति गठन र संचालन सम्बन्धि कार्यविधि,२०७९ भन्ने सम्झनुपर्दछ ।

**ग.** "सल्लाहकार समिति" भन्नाले दफा-३ बमोजिम गठन भएको सल्लाहकार समिति सम्झनु पर्दछ ।

**घ.** "नगर खेलकुद विकास समिति" भन्नाले दफा-४ बमोजिम गठन भएको नगर खेलकुद विकास समिति सम्झनु पर्दछ ।

**ङ.** "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा सक्रिय रहने कार्यलाई सम्झनुपर्छ र सोशब्दले प्रचलित व्यवासयिक, पर्यटकीय,साहासिक तथा परम्परागत खेलहरुलाई समेत जनाउँछ ।

**ज.** "सल्लाहकार समिति" भन्नाले नगर कार्यपालिकाबाट गठित सल्लाहकार समित भन्ने सम्झनु पर्दछ ।

**छ.** "नगर खेलकुद विकास समिति" भन्नाले नगर कार्यपालिकाबाट गठित नगर खेलकुद विकास समिति भन्ने सम्झनुपर्दछ ।

**झ.** "संरक्षक" भन्नाले खैरहनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**ञ.** "अध्यक्ष" भन्नाले नगर खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

**ट.** "खेलाडी" भन्नाले खेलकुदमा संलग्न व्यक्ति सम्झनुपर्दछ ।

**ठ.** "प्रशिक्षक" भन्नाले खैरहनी नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब संघ संस्था खेल प्रशिक्षण समितिमा आबद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनुपर्छ ।

**ड.** "प्रशिक्षण समिति" भन्नाले नगर खेलकुद समिति अन्तर्गत खैरहनी नगरपालिका क्षेत्रभित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्दछ ।

**ढ.** "खेलकुद विकास कोष" भन्नाले खैरहनी नगरपालिकाको खेलकुद विकास कोषलाई सम्झनु पर्दछ ।

**ण.** "खेलाडी विवरण" भन्नाले खेलकुद टिम, क्लब, संघ संस्थाहरुले आफ्नो टिम, क्लब, संघ संस्थामा आबद्ध रही पेश गरेको विवरण सम्झनु पर्दछ ।

## परिच्छेद -२

**३.सल्लाहकार समिति गठन :**

१. नगरको समग्र खेलसंग सम्बन्धित कार्यक्रम र नगर खेलकुद विकास समितिलाई आवश्यक सहयोग र सल्लाह प्रदान गरी मार्ग निर्देशन गर्न देहाय बमोजिमको सल्लाहकार समिति रहनेछ

क. नगर प्रमुख -अध्यक्ष

ख. नगर उप प्रमुख -सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत-सदस्य

घ. सामाजिक विकास समितिको संयोजक-सदस्य

ङ. नगर शिक्षा अधिकारी-सदस्य सचिव

४.**नगर खेलकुद विकास समितिको गठन र बैठक सम्बन्धी कार्यविधि:**

१.नगरपालिकाले नगर प्रमुखको संरक्षकत्वमा देहाय बमोजिमको पदाधिकारी रहने गरी १५ सदस्य नगर खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

(क) खेलकुदका क्षेत्रमा राष्ट्रिय तथा अन्तरार्ट्रिय स्तरमा ख्याति प्राप्त पूर्व खेलाडी वा प्रशिक्षकका रुपमा १० वर्ष देखि निरन्तर क्रियाशिल व्यक्तिहरु मध्येबाट नगर प्रमुखले तोकेको एक जना —अध्यक्ष

(ख) प्रदेश, राष्ट्रिय तथा अन्तरार्ट्रिय खेल जगतमा प्रतिष्ठा कायम गरेका खेलाडी वा पूर्व खेलाडी वा प्रशिक्षक मध्येबाट सम्भव भए सम्म मान्यता प्राप्त खेल संघबाट प्रतिनिधित्व रहने गरी, महिला खेलाडीको समेत प्रतिनिधित्व हुने गरी सल्लाहकार समितिको सिफारीशमा नगर प्रमुखबाट मनोनित १३ जना — सदस्य

(ग) शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुखले तोकेको एक जना अधिकृतस्तरको कर्मचारी- सदस्य सचिव

२. उपदफा (१) बमोजिमको सदस्यको मनोनयन गर्दा भौगोलिक क्षेत्र र समावेशिता र मान्यता प्राप्त खेल संघबाट प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ ।

३. समितिले आवश्यक्ता महशुस गरेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुद क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।साथै सल्लाहकार समितिले आवश्यकता र औचित्यको आधारमा समितिमा मानार्थ सदस्य र आमन्त्रित सदस्य थप गर्न सक्नेछ |

४. नगर खेलकुद विकास समितिले आवश्यक्ता अनुसार प्रत्येक वडामा वडा खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

५. नगर खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ र पदावधि समाप्त भएपछी उपदफा (१) बमोजिम पुनः नियुक्ति हुन सक्नेछ ।

६. नगर खेलकुद विकास समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार:** खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. नगरस्तरीय खेलकुद कार्यक्रमको बार्षिक योजना र कार्यक्रम निर्माण गरी नगर प्रमुखबाट स्वीकृत गराउने ।
२. स्थानीय स्तरका खेलकुदको लागि भौतिक पूर्वाधार र निर्माण सम्बन्धी विकास योजना निर्माण गर्ने ।
३. खेलकुदको स्तर वृद्धिका लागि अन्तर पालिकास्तरका विभिन्न विधामा खेलकुद प्रतियोगिताहरु आयोजना तथा सञ्चालन गर्ने, गराउने ।
४. शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण र खेल प्रतियोगिता सञ्चालन गर्ने तथा खेलको आवश्यक्ता र महत्वको बारेमा प्रचार प्रसार गर्ने, गराउने ।
५. खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य स्थानीय तह जिल्ला, प्रदेश र संघमा पठाउन सिफारीश गर्ने ।
६. खेलसंग सम्बन्धित रही स्थानीय स्तरका खेलकुद प्रशासन शैक्षिक संस्था क्लव नगरस्तरीय खेलकुद संघ, खेलसंग सम्बन्धित प्रशिक्षण संस्थाहरुसंग समन्वय तथा नियमन गर्ने र आवश्यक निर्देशन दिने ।
७. नगरपालिकालाई खेलकुद विकास सम्बन्धी विषयमा आवश्यक राय सुझाव दिने ।
८. खेलकुदसंग सम्बन्धित संघ, क्लव, संस्थालाई आर्थिक सहयोगको लागि नगरपालिका समक्ष सिफारीश गर्ने ।
९. खेलकुद सम्बन्धी स्तर उन्नती हुने पुस्तक, पर्चा, चलचित्र वा भिडियो आदिको स्रष्टा एवम निर्मातालाई आर्थिक वा अन्य सहयोग गरी प्रोत्साहित गर्न नगरपालिका समक्ष सिफारीश गर्ने ।
१०. खेलकुदको दीर्घकालिन विकासको लागि आवश्यक्ता अनुसार प्रत्येक वडामा खेलकुद मैदान निर्माण गरी रेखदेख तथा संरक्षण गर्ने ।
११. खेलाडीको स्तर उन्नति गर्न आवश्यक्ता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडिको छनौट गरि आवश्यक्ता अनुसार विदेशमा समेत तालिम हाँसिल गर्नको लागि सिफारीश गर्ने ।
१२. नगर, जिल्ला, प्रदेश, रास्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्टता हाँसिल गर्ने खेलाडी एवम उत्कृष्ट प्रशिक्षकलाई पुरष्कृत गर्न सम्बन्धित निकायमा सिफारीश गर्ने ।
१३. नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारीश गर्ने ।
१४. खेलाडीको स्वास्थ्य प्रवर्धनको लागि आवश्यक व्यवस्था गर्ने ।
१५. विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने ।
१६. वडास्तर र विद्यालयस्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने ।
१७. खेलकुद मार्फत रोजगार अभिवृद्धिको लागि आवश्यक पहल गर्ने ।
१८. वडास्तरमा क्रियाशिल खेलकुद क्लवहरुको समन्वय र नियमन गर्ने साथै खेलकुद विकासको लागि अन्य आवश्यक कार्य गर्ने गराउने ।

**<u>६.अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>**

१. नगर खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यन्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

२. वार्षिक कार्ययोजना तयार गरी स्विकृत गराउने र खेलकुद प्रतियोगिताहरुको आयोजना गरी संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

३. नगर, जिल्ला प्रदेश, रास्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने, गराउने ।

४. नगर खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

५. समितिले तोकेको अन्य कार्यहरु गर्ने, गराउने ।

**<u>७.सदस्य सचिवको काम, कर्तब्य र अधिकारः</u>**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

(ख) बैठक माइन्युट गर्ने र बैठक संचालन सम्बन्धी आवश्यक काम कारवाही गर्ने । साथै समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

**<u>८. समितिका सदस्यहरुको पदावधिः</u>**

१. मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । पदावधि समाप्त भएपछी निज व्यक्तिहरु पुनः मनोनयन हुन सक्नेछन ।

२. पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा-४ मा उल्लेखित प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

३. सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

४. कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्नेलागेमा समितिको सिफारीशमा नगर प्रमुखले जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कार्वाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिनेछैन ।

**<u>९. सदस्यको अयोग्यताः</u>** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहालमा रहन सक्ने छैनः

१. गैर नेपाली नागरिक ।

२. समितिमा कार्यरत वैतनिक कर्मचारी ।

३. साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको ।

४. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

५. मानसिक सन्तुलन ठीक नभएको ।

६. पदेन सदस्य बाहेक २१ वर्ष उमेर पुरा नभएको ।

**<u>१०. सदस्यता समाप्त हुने अवस्थाः</u>** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः

१. दफा-९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा ।

२. सदस्यले राजीनामा गरेमा वा सदस्यको मृत्यु भएमा ।

३. समितिलाई सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको वैठकमा अनुपस्थित भएमा ।

**<u>११. समितिको वैठक र निर्णयः</u>**

१. अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक वोलाउनेछ ।
२. समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
३. समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।
४. समितिको बैठक कम्तिमा २ महिनामा एक पटक वस्नेछ ।
५. वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।
६. बैठकको निर्णय पुस्तिका सदस्य सचिवले सुरक्षित राख्नुपर्नेछ ।
७. समितिका सदस्यहरुले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको बैठक भत्ता र भ्रमण खर्च पाउनेछन ।

## परिच्छेद -३

### १२.खेलकुद प्रतियोगिता सञ्चालन तथा ब्यवस्थापनः

१. नगर खेलकुद समितिले आफैले दर्ता गरेका वा नगरपालिकामा दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ।
२. खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धी वार्षिक कार्ययोजना निर्माण गर्दा नगर प्रमुखबाट स्वीकृत लिनुपर्नेछ।
३. नगर खेलकुद विकास समिति आफैले वा नगरभित्रका टिम, क्लबहरु मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिमसँगको सहकार्यमा खेलकुद प्रतियोगिता आफै सञ्चालन गर्ने वा गराउन सक्नेछ।

## परिच्छेद -४

### १३. खेलकुद सम्बन्धी संघ संस्था र क्लवको दर्ता र ब्यवस्थापनः

१. खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले नगर खेलकुद विकास समितिमा समेत दर्ता गर्नु पर्नेछ । त्यसरी दर्ता गराउन चाहने संस्थाले संस्था दर्ता प्रमाण-पत्र र विधानको प्रतिलिपि सहित संलग्न राखि तोकिए बमोजिम निवेदन दस्तुरका साथ दरखास्त दिनु पर्नेछ ।
२. खैरहनी नगरपालिका भित्रका खेलकुद टीम, क्लब, समिति र संस्था आदिको विकास गर्ने उद्धेश्यले वडास्तरीय खेलकुद टिम र क्लव गठन गर्न चाहेमा फारम शुल्क रु १००/-र दर्ता शुल्क रु ५००/- राजश्व तिरी सम्बन्धित वडाको वडा अध्यक्षको सिफारीश सहित दर्ताको लागि समितिमा निवेदन पेश गर्नुपर्नेछ।
३. प्रक्रिया पुगी निवेदन पेश हुन आएका वडास्तरीय खेलकुद टिम र क्लवहरुलाई नगर खेलकुद विकास समितिले दर्ता गरी स्वीकृती प्रदान गर्न सक्नेछ ।
४. दर्ता भएका खेलकुद टिम र क्लबले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद समितिबाट स्वीकृत लिनुपर्नेछ ।

५. दर्ता भएका खेलकुद टिम वा क्लवले प्रत्येक आर्थिक वर्षको शुरु महिनामा वार्षिक प्रगति विवरण समावेश गरी रु ५००।– राजश्व बुझाई नविकरणको लागि नगर खेलकुद विकास समिति समक्ष निवेदन पेश गरी दर्ता नविकरण गर्नु पर्नेछ ।

६. नगर खेलकुद समितिमा दर्ता भएका खेलकुद टीम वा क्लब, खेलकुद संग आवद्ध संघ संस्थाहरुले नगर खेलकुद विकास समितिको उदेश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाबाट आर्थिक सहयोग एवम पुरस्कार व्यवस्थापनको लागि सहयोग गर्न सक्नेछ ।

७. नगर खेलकुद समितिले टिम दर्ता निवेदन फाराम, नविकरण फाराम, प्रशिक्षक/प्रशिक्षार्थी फारम, परिचयपत्र दर्ता प्रमाण-पत्र आदिको ढाँचा निर्धारण गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद -५

### १४.खेलकुद गोष्ठी, सभा र कार्यक्रम व्यवस्थापनः

१. नगरपालिकाले राष्ट्रिय, अन्तरराष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

२. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्न वा गराउन सक्नेछ ।

३. राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तरराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी

भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

४. खैरहनी नगरको कला ,संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार खेलकुद टीम वा क्लब वा खेलसंग सम्बन्धित संघ संस्थाका प्रतिनिधिहरुलाई नगर खेलकुद विकास समितिले बैठक वा रचनात्मक कार्यक्रममा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद -६

### १५. खेलकुद प्रतियोगिता व्यवस्थापनः

१. नगरभित्र आयोजना हुने जुनसुकै खेल प्रतियोगिता संचालन गर्न नगर खेलकुद विकास समितिले नगरपालिकाको स्वीकृत लिनुपर्नेछ ।

२. अन्तर नगरपालिका लगायत जिल्ला,प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लब, संघ संस्था विद्यालय वा कलेजलाई सहभागी गराइनेछ ।

३. नगर खेलकुद विकास समितिको सिफारीशमा नगरपालिकाले निर्णय गरे बमोजिम जिल्ला बाहिर कुनै खेल प्रतियोगितामा सहभागी हुन जाने टीमका खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

(क) प्रतियोगितामा भाग लिन जाँदा खान,बस्न र पारवहनका लागि खर्च उपलब्ध गराईनेछ ।

(ख) जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगिताको खेल अवधिभर बढीमा एक हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापनलाई नियमानुसार प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ ।

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

(ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा बार्षिक रु २०००/- सम्मको सुबिधा दिन सकिनेछ ।

(घ) प्रतियोगितामा जान आउन सम्भव भए सम्म स्थलमार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद -७

### १६.तालिम तथा प्रशिक्षक व्यवस्थापन:

१. नगर खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिइनेछ ।

२. प्रशिक्षार्थीहरु प्रशिक्षणमा सहभागीहुन नगर खेलकुद विकास समितिले निर्धारण गरेको फाराम बुझाई आवेदन दिनुपर्नेछ । त्यसरी आवेदन दिदा लाग्ने आवेदन शुल्क, दर्ता शुल्क, परिचय पत्र शुल्क, भर्ना शुल्क र मासिक शुल्क नगर खेलकुद विकास समितिले तोके बमोजिम हुनेछ ।

३. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक एकजना सहायक प्रशिक्षकलाई नगर खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ

४. कुनैपनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ

५. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

६. प्रशिक्षकले आवश्यक सामानको सूची तयारगरी सम्बन्धित निकायमा मागगर्ने, खेलाडीबाट मासिक शुल्क उठाउने, प्रशिक्षण सामग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम प्रशिक्षण र प्रगति प्रतिवेदन तयार गरी पेशगर्ने जिम्मेवारी नगर खेलकुद विकास समितिको रहनेछ ।

७. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नुपर्नेछ ।

८. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुन सञ्चालन गर्न आवश्यक ब्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

९. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगर खेलकुद विकास समिति मार्फत अनुरोध गरी नगरपालिकाबाट स्वीकृति भए अनुसार गर्नु पर्नेछ ।

## परिच्छेद -८

### १७. नगर खेलकुद विकास कोषको व्यवस्था:

१. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि खैरहनी नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

२. **कोषका स्रोतहरु देहाय बमोजिम हुनेछ :**

(क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद , प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तरास्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

(ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ,

(ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदक शुल्क , मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

(घ) नगर भित्रका टीम, क्लब दर्ता आवेदश शुल्क नवीकरण शुल्क, फाराम शुल्क,

(ङ) नगरपालिकाले विनियोजन गरेको खेलकुद शिर्षकको बजेट,

(च) नगरपालिका र नगर खेलकुद विकास समितिको उदेश्य, नीति र स्वार्थमा नकारात्मक असर नपर्ने गरी प्राप्त हुन आउने चन्दा आर्थिक अनुदान वा दान आदि ।

३. **कोषको संचालन र लेखा परीक्षणः**

क. नगर खेलकुद विकास समितिको निर्णय अनुसार समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट नगरपालिकाले तोकेको बाणिज्य बैङ्कमा खाता सञ्चालन गर्नुपर्नेछ । वार्षिक रुपमा गरिएको आर्थिक कारोवारको लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ । अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।लेखा परीक्षण गराउने जिम्मेवारी समितिको हुनेछ ।

ख. नगर खेलकुद विकास समितिको अध्यक्षले देहाय बमोजिमको शिर्षकमा बढीमा रू १०,०००/- सम्म कोषबाट खर्च गर्न सक्नेछ र यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्यौंट गर्नुपर्नेछ ।

१. खेलकुद प्रतियोगिता सञ्चालन हुँदा तत्काल गर्नुपर्ने खर्च,

२. खेल प्रतियोगिताको लागि खेलाडी छनौट गरी पठाउदा तत्काल उपलव्ध गराउनु पर्ने यातायात खर्च पोशाक व्यवस्थापन र खेल सामाग्रीमा हुने खर्च,

३. खेल अवधिमा हुने सम्भावित दुर्घटनाबाट गरीने उपचार खर्च र सो अवधिमा नपुग खेल सामाग्री व्यवस्थापन खाना खाजा खर्च लगायत तत्काल गर्नुपर्ने अन्य खर्च ।

## परिच्छेद -९

### १८. खेलकुद पूर्वाधार निर्माण तथा मर्मतः

१. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकलेनै व्यवस्था गर्नु पर्नेछ ।

२. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानुपर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद विकास समितिले कोषबाट मर्मत सम्भार गर्नेछ । तर रकम अपुग भइ कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस गरी मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

३. खेलकुद पूर्वाधार (स्टडियम, खेलकुद भवन, मैदान, ट्याक आदि) को व्यवस्था गर्न नगर खेलकुद विकास समितिको निर्णयानुसार माग भई आएमा नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद -१०

### १९. बिषयगत खेल प्रशिक्षण समिति र नगरस्तरीय विषयगत खेलकुल विकास संघको व्यवस्थाः

१. नगरस्तरीय खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह

र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गर्न सकिनेछ । विषयगत खेल प्रशिक्षण समिति र सम्बन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछन् ।

(क) नगर खेलकुद विकास समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य विषयगत खेल प्रशिक्षण समिति गठन गर्न सक्नेछ ।

(ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

(ग) यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आकर्षक बढाउने कार्य गर्नेछ ।

(घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्धत गर्दछ ।

(ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ प्रतियोगिता गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

(च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउनु पर्नेछ ।

(छ) नगर खेलकुद विकास समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउनु पर्दछ ।

(ज) नगर खेलकुद विकास समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

(झ) अनुशासनको कारवाही गर्ने क्रममा गल्ति हेरि स्पष्टिकरण, चेतावनी वा निलम्बन गर्न सकिनेछ ।

(ञ) अनुशासनको कारवाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिइनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदन माथि नगर खेलकुद समितिले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

(ट) नगर खेलकुद विकास समितिको निर्णयअनुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिनेछ ।

**२. नगरस्तरीय विषयगत खेलकुल विकास संघको व्यवस्थाः**

क. नगरस्तरीय खेलकुद विकास समितिको मातहतमा रहने गरी नगरस्तरीय विषयगत खेलकुल विकास संघ गठन गर्न सकिनेछ ।

ख. उपदफा-२ (क) बमोजिम गठन हुने समितिमा विगत १० वर्षदेखि सम्बन्धित खेलक्षेत्रमा काम गरी रहेका प्रशिक्षक एवम खेलाडीहरु मध्येबाट अध्यक्ष रहने गरी ११ सदस्य समिति गठन गर्न सकिनेछ ।

ग. यस कार्यविधि लागू हुन पूर्व गठन भएका नगरस्तरीय विषयगत खेलकुल विकास संघ तदर्थ समितिले यसै कार्यविधि अनुसार पुनः नगरस्तरीय विषयगत खेलकुल विकास संघ गठन गर्नु पर्नेछ ।

## परिच्छेद -११

**२०. आचार संहिताः** खेल सम्बन्धी विषयका खेलाडी समिति संयोजक तथा सदस्य कर्मचारीहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

१. खेलका निर्णायक खेलाडी दर्शक आयोजक सबैले खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागूऔषध, मादक पदार्थ र सुर्तिजन्य पदार्थ सेवन गर्न पाइने छैन ।

२. प्रतिश्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाउने छैन । तर विदेशी खेलाडि समेतलाई आमन्त्रण गरिँदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

३. प्रतिश्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

४. नैतिक पतन हुने फौजदारी अपराधमा दोषि ठहरीएको खेलाडी र खेलको नियमअनुसार कारर्वाही तोकिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ ।

५. खेलको विजय पश्चात पाउने शिल्ड ट्रफि कहिँ कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइनेछैन तर, कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड ट्रफि नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने बाधा पर्नेछैन ।

६. कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन । तर संरक्षण गर्न बाधा पर्ने छैन ।

७. खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारीक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

८. खेलाडीहरुले आपसमा प्रतिश्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ, हुटिङ, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ । तर विपक्ष टिमको व्यक्तिहरु वा टिमलाई लक्षित गरी कार्टुन, चित्रकारीता, हुटिङ, व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

९. खेलको विकास गरी प्रचार प्रसार र प्रतिश्पर्धा क्षमता विकास गर्न भनि नगरपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

१०. नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित समितिबाट पारीत गराएर मात्र खर्च गर्न पाइनेछ ।

११. यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचिकृत भएका संस्थाहरुले नगर खेलकुद विकास समितिमा जानकारी दिनु पर्नेछ । सो सम्बन्धमा नगर खेलकुद विकास समितिले स्वीकृति दिएमा मात्र संस्थाहरुले खेल सञ्चालन गर्न पाउनेछन ।

**२१. अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कारः**

१ **अनुशासनको कारवाही :** खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लघंन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तिन पटक भन्दा बढी चेतावनी पाई सकेको खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी व्यवस्थापकमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा नगर खेलकुद समितिले निलम्बन गर्न सक्नेछ । साथै नगर खेलकुद समितिका कुनै सदस्यले यो कार्यविधि विपरितका कार्य गरे वा गराएमा सल्लाहकार समितिको सिफारीशमा नगर प्रमुखले सो सदस्यलाई समितिबाट निलम्बन गर्न सक्नेछ ।

२ वर्षभरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, परिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद विकास समितिको सिफारिशमा नगरपालिकाबाट नगर पुरस्कार तथा सम्मान गरिनेछ ।

३ **जरीवानाः** **क.** दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा तोकिए बमोजिमको जरिवाना गरिनेछ ।

**ख.** समयमै नविकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरीवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिको कारणले संस्था नविकरण गर्न विलम्व हुन गएमा उक्त व्यक्तिबाट संस्थाले जरीवाना वापतको रकम असुल उपर गर्न सक्नेछ ।

४. **सजायः क.**समितिको कुनै सदस्य वा कर्मचारीले नियतवस वा लापार्वाही गरी वा बदनियत साथ समितिलाई हानी नोक्सानी पुर्याएमा निजलाई बीसहजार रुपैया सम्म जरीवाना हुन सक्नेछ ।

ख. आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुर्याएमा आर्थिक ऐनमा उल्लेख भए अनुसार कारबाही हुनेछ ।

**२२. संस्थाको विघटनः**

१. दर्ता भएको खेलकुद संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन ।

क. संस्थाको दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनि निर्णय गरेमा ।

ख. लगातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा ।

ग. संस्थाले लगातार २ वर्ष सम्म कुनै प्रतियोगितामा सहभागि नभएमा वा कुनै खेलकुदका कार्यक्रम आयोजना नगरेमा ।

**२३. विघटित संस्थाको सम्पत्तिः** विघटन भएको संस्थाको सम्पत्ति नगरपालिक मातहतमा रहनेछ ।

**२४. असल नियतले गरेको काममा बचाउः** यस निर्देशिका बमोजिम सदस्यहरुले असल नियतले खेलकुद कार्यक्रम सञ्चालन खेलकुदको विकास र विस्तार गर्ने उद्धेश्यले शैक्षिक संस्था क्लव वा खेलसंग सम्बन्धीत संस्थाहरुको अनुगमन तथा नियमन गर्दा कुनै गल्ति भएमा सदस्य उपर कुनै कारबाही गरिने छैन ।

**२५. समितिको सचिवालयः** नगरस्तरीय खेलकुद समितिको सचिवालय नगरपालिकाले तोकेको स्थानमा रहनेछ ।

**२६. समितिको छाप र लेटरप्याडः** नगरस्तरीय खेलकुद समितिको नाममा एउटा छुट्टै छाप र लेटरप्याड रहनेछ ।

**२७. प्रतिवेदन पेश गर्नु पर्नेः** समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**२८. खारेजी र बचाउः**

१. यस कार्यविधिमा उल्लेखित कुनै कुरा संघीय र प्रदेश कानून संग बाझिन गएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

२. यस अघि नियमानुसार भए गरेका काम कार्वाही यस कार्यविधिमा समावेश भएको हकमा यसै कार्यविधि अनुसार भए
गरेको मानिनेछ ।

४. यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सोको व्याख्या गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

३. यस कार्यविधिलाई आधारमानि नगर खेलकुद विकास समितिले अन्य मापदण्ड वनाई कार्यान्वयन गर्न सक्नेछ ।

४. यसमा उल्लेख गरिएका विषयवस्तु प्रचलित कानून संग बाझिएमा वा कुनै द्विविधा भइ संशोधन गर्नु पर्ने भएमा नगरकार्यपालिकाले आवश्यक्ता अनुसार संशोधन गर्न सक्नेछ ।